# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

*इ.प्रा.परिपत्र संख्याः-* ४३४ *मिति :-* २०६३/१२/११

नेपाल राष्ट्र बैंक
बैकिङ्ग कार्यालय लगायत सम्पूर्ण कार्यालय
एवं इजाजतपत्रप्राप्त “क”, र राष्ट्रियस्तरका “ख” वर्गका बैंक तथा वित्तीय संस्थाहरू ।

विषय :- **अमेरिकी डलर खातामा रकम जम्मा गर्ने सम्वन्धमा ।**

महाशय,

बैंक/वित्तीय संस्थाहरूले यस बैंकमा बुझाउन ल्याउने नगद अमेरिकी डलरको हकमा २ प्रतिशत कट्टा गरी बाँकी ९८ प्रतिशत सम्बन्धित बैंक/वित्तीय संस्थाहरूको यस बैंकमा रहेको अमेरिकी डलर खातामा जम्मा गरिँदै आएको व्यहोरा बिदितै छ । अमेरिकी डलर बाहेक अन्य परिवर्त्य बिदेशी मुद्राहरूको हकमा तपसिलमा लेखिएको व्यबस्था लागू गरिएको हुँदा सोही वमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

तपसिल

(क) प्रचलित खरिद दर अनुसार रुपैँयाको गणना गर्ने ।

(ख) उक्त रुपैँयामा २ प्रतिशत कट्टा गरी बाँकी ९८ प्रतिशतले हुन आउने रकम सम्बन्धित बैंक/वित्तीय संस्थाको अमेरिकी डलर खातामा जम्मा गर्ने ।

(ग) यस प्रयोजनका लागि अमेरिकी डलरको खरिद दर नै प्रयोग गर्ने ।

(घ) यस व्यबस्था पश्चात बैंक/वित्तीय संस्थाहरूलाई अमेरिकी डलर बाहेक अन्य बिदेशी मुद्राका खाताहरू यस बैंकमा राख्न आवश्यक नहुने । तर, "Inter Bank Foreign Currency Clearing Purpose" को लागि मात्र प्रयोग गर्न मिल्ने सर्तमा बैंक/वित्तीय संस्थाहरूले चाहेमा Euro र GBP को पनि खाता खोल्न सक्ने ।

भवदीय,

(रामजी रेग्मी)
का.मु.कार्यकारी निर्देशक